नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: १६८

मितिः २०८२/०८/११

ने.सं. ११४६

विषयः- सुझाव कार्यान्वयन सम्बन्धमा।

श्री स्थानीय तह (सबै)।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प.सं. २०८२/०८३, च.नं. भ्र.नि./५२१/१६९९, मिति २०८२/०८/०८ को पत्रबाट सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्णय कार्यान्वयका लागि व्यहोरा उल्लेख भई आएको हुँदा उक्त पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ।

देहायः

**"सरकारी निकायले प्रचलित कानूनबमोजिम सार्वजनिक रुपमा सूचना आह्वान गर्नुपर्दा विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ३२ र विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६क. ले निर्देश गरेबमोजिम विज्ञापन एजेन्सी मार्फत विज्ञापन प्रकाशन तथा प्रसारण गर्ने भएमा सञ्चारमाध्यमले जारी गरेको विलको प्रतिलिपि सहित त्यस्तो एजेन्सीको सेवा शुल्क खुल्ने गरी एजेन्सीले जारी गरेको विल (सञ्चारमाध्यमले विज्ञापन एजेन्सीको नाममा जारी गरेको विल र एजेन्सीले आफ्नो सेवा शुल्क सहित भुक्तानीको लागि पेश गरेको विल) बमोजिमको मात्र भुक्तान गर्ने।"**

८/११

(दीपेश कट्टेल)

शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौं ।

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुशासन, भ्रष्टचार नियन्त्रण तथा कर्मचारी पृष्ठपोषण शाखा, काठमाडौं।

श्री सूचना तथा प्रविधि शाखाः- Website मा Upload तथा E-mail मार्फत जानकारी गराइदिनुहुन।

सिंहदरबार, काठमाण्डौं फोन नं.- ४२००३०४

ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेबसाईटः- www.mofaga.gov.np

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(सुशासन, भ्रष्टाचार नियन्त्रण तथा कर्मचारी पृष्ठपोषण शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः ०८२/८३
च.नं.: - भ्र.नि/५२१/१६६९

मितिः २०८२/०८/०८

विषयः सुझाव कार्यान्वयन सम्वन्धमा ।

श्रीमान् सचिवज्यू,
सबै मन्त्रालय/आयोग/सचिवालय/कार्यालय।
श्रीमान् प्रमुख सचिवज्यू, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सबै प्रदेश।

उपर्युक्त सम्बन्धमा अख्तियार दुरूपयोग अनुस न्धान आयोगको प.सं. ४ सञ्चार।८४।२०८२।८३ च.नं. २०७२९ मिति २०८२।०८।०७ को पत्रमार्फत सम्मानित आयोगको देहाय वमोजिमको निर्णय कार्यान्वयनको लागि सबै केन्द्रीय/प्रादेशिक/स्थानीय तह तथा मातहतका कार्यालयमा र सबै सार्वजनिक संस्थानहरूमा समेत सम्प्रेषण हुन लेखी आएकोले सुझाव कार्यान्वयन गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ। साथै अख्तियार दुरूपयोग अनुसन्धान आयोगको पत्रको छायाँप्रति यसै साथ संलग्न गरी पठाइएको छ।

देहायः

"सरकारी निकायले प्रचलित कानूनबमोजिम सार्वजनिक रुपमा सूचना आह्वान गर्नुपर्दा विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ३२ र विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६क. ले निर्देश गरेबमोजिम विज्ञापन एजेन्सी मार्फत विज्ञापन प्रकाशन तथा प्रसारण गर्ने भएमा सञ्चारमाध्ययमले जारी गरेको विलको प्रतिलिपि सहित त्यस्तो एजेन्सीको सेवा शुल्क खुल्ने गरी एजेन्सीले जारी गरेको विल (सञ्चारमाध्यमले विज्ञापन एजेन्सीको नाममा जारी गरेको बील र एजेन्सीले आफ्नो सेवा शुल्क सहित भुक्तानीको लागि पेश गरेको विल) बमोजिमको मात्र भुक्तान गर्ने।"

आन्तरिक व्यवस्थापन महाशाखा
दर्ता नं.: २१३
मितिः ८/९

दर्ता नं.:- ५५२
दर्ता मितिः- ०८२।८।८

सूर्य बहादुर बस्नेत
शाखा अधिकृत

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं

पत्र सङ्ख्या : ४ सञ्चार। ८४।०८२।८३    महाशाखा नं.-४    मिति:२०८२।०८।०७

चलानी नं. :- २०६२९    ११४६ थिंल्लाथ्व, ३ आइतबार

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरवार, काठमाडौं।

अत्यन्त जरुरी/गोप्य

<u>बिषय: सुझाव कार्यान्वयन सम्बन्धमा ।</u>

प्रस्तुत विषयमा यस आयोगमा उ.द.नं. ८-००९२७२, मिति २०८२।०५।०१ मा दर्ता भएको "नागरिकलाई सुसूचित गर्न विज्ञापन प्रकाशन तथा प्रसारण गर्ने कार्यमा मिलेमतो गरी अर्बौं रकम अनियमितता गरेको भन्नेसमेत" वेहोराको उजुरीको सम्बन्धमा आयोगबाट छानबिन हुँदा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत देहायबमोजिमको सुझाव कार्यान्वयनको लागि **सबै केन्द्रीय/प्रादेशिक/स्थानीय निकाय तथा मातहतका कार्यालयहरुमा र सबै सार्वजनिक संस्थानहरुमा** समेत सम्प्रेषण हुन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को उपदफा (१)को खण्ड (ख) बमोजिम सुझाव लेखी पठाउन आयोगको मिति २०८२।०८।०७ गते निर्णय भएको हुँदा सोही बमोजिम सुझाव प्रदान गरिएको वेहोरा अनुरोध छ।

<u>देहाय</u> :

"सरकारी निकायले प्रचलित कानूनबमोजिम सार्वजनिक रुपमा सूचना आह्वान गर्नुपर्दा विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ३२ र विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६क. ले निर्देश गरेबमोजिम विज्ञापन एजेन्सी मार्फत विज्ञापन प्रकाशन तथा प्रसारण गर्ने भएमा सञ्चारमाध्यमले जारी गरेको विलको प्रतिलिपि सहित त्यस्तो एजेन्सीको सेवा शुल्क खुल्ने गरी एजेन्सीले जारी गरेको विल (सञ्चारमाध्यमले विज्ञापन एजेन्सीको नामना जारी गरेको बील र एजेन्सीले आफ्नो सेवा शुल्क सहित भुक्तानीको लागि पेश गरेको विल) बमोजिमको मात्र भुक्तानी गर्ने।"

.................

(जोसेफ प्रधान)
शाखा अधिकृत (कानून)

<u>सादर अवगतार्थ:</u>

माननीय प्रमुख आयुक्तज्यूको सचिवालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल।